# पर्सा जिल्ला अदालत

वीरगंज पर्सा

टेलीफोन ०५१-५२२२२७

फ्याक्स ०५१-५२५५६५

प.सं. : २०७७/०७८

च.नं. : ९४६५२

मिति २०७७।१२।१८

**विषयः- मोटर साईकल लिलाम विक्रीको सुचना वेवसाईडमा राखिदिने सम्बन्धमा ।**

**श्री सर्वोच्च अदालत, सुचना प्रविधि महाशाखा काठमाण्डौ ।**

उपरोक्त सम्बन्धमा यस अदालतमा विभिन्न मुद्दाहरुमा दशीमा प्राप्त भई जिन्सीमा आम्दानी बाँधिएको मोटरसाईकलहरु लिलाम विक्री सम्बन्धमा सुचना सम्मानित अदालतको वेवसाईडमा मिति २०७७।१२।१९ गते प्रकाशित गरिदिनु हुन सादर अनुरोध गरिन्छ।

**पर्सा जिल्ला अदालतको मोटर साईकलहरु वार्ताद्धारा लिलाम विक्री सम्बन्धि ७ दिने सुचना।**

१ प्रकाशित सूचना मिति २०७७/१२/१९ गते।

२ मिति २०७७/१२/२५ गते दिउसो ४: ०० बजे सम्म निवेदन दस्तुर फिर्ता नहुने गरी रु.१,०/- सदर स्याह गरी यस अदालतको तहसिल शाखाबाट (तोक) दर्ता आदेश लिन सकिने छ ।

३ मिति २०७७/१२/२६ गते दिनको १२:०० बजे सम्म वार्ताद्धारा लिलाम विक्रीमा सहभागी हुन निवेदन पत्र दर्ता गरी सक्नु पर्नेछ । सो दिन विदा परेमा सो को भोलिपल्ट सोही समयमा हुनेछ।

४ वार्ताद्धारा लिलाम विक्री हुने मिति २०७७/१२/२६ गते दिनको ४:०० बजे सो दिन विदा परेमा सो को भोलिपल्ट सोही समयमा हुनेछ।

५ लिलाम हुने सवारी साधनहरु मोटरसाईकल थान-३८ को सकार गर्ने मुल्यको १३% मूल्य अभिवृद्धि कर प्राविधिक मुल्याँकनमा कसैले सकार नगरेकोमा वार्ताद्धारा गरिने मुल्याँकन बमोजिम सो मोटर साईकलहरु लिलाम विक्री गरिने छ।

६ बोल कबुलको १०% रकम तत्काल पर्सा जिल्ला अदालतको कार्यालय कोड नं. २०४९७२२०१ र को. ले. नि. का. पर्साको नाउँमा रा. बा. बैक विरगंजमा रहेको धरौटी खाता नं. १२५०१००१०२०३०००० मा बुझाई भौचर पेश गर्नु पर्ने छ, वा सो रकम यस अदाततको लेखा शाखामा धरौटीमा जम्मा गरी सोको रसिद पेश गर्नु पर्ने छ र सकार गरिएको हुन आउने बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गर्नुपर्नेछ । समयमा दाखिल नगरे १०% राखेको धरौटी जफत हुनेछ ।

७ सबैभन्दा बढी वोल कबोल गर्नेलाई विक्री गरिने ।

८ लिलाम हुने सवारी साधनहरुको एकमुष्ठ निवेदन पत्र लाग्ने दस्तुर बुझाई दर्ता गर्न सकिने छ ।

९ लिलाम हुने सवारी साधनहरु हेर्न चाहेमा वा विस्तृत जानकारीको लागी यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु पर्ने छ।

१० बोलपत्र स्वीकार गर्ने नगर्ने अधिकार अदालतलाई मात्र हुनेछ ।

विनोद पोखरेल

तहसिलदार(शा.अ.)